# डब्लूएफपीलाई बजेट नदिने निर्णय गलत : पाण्डे

## खाद्यान्न असुरक्षाको जोखिम बढ्यो

कारोबार संवाददाता

काठमाडौं, ९ असोज

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य तथा अर्थशास्त्री डा. पोषराज पाण्डेले संयुक्त राष्ट्रसंघ विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) लाई थप बजेट उपलब्ध नगराउने निर्णय गलत भएको भन्दै उनले यसलाई सच्याउन आग्रह गरेका छन्।

नेपाललगायत दक्षिण एसियाली सरकारहरू भोकमरी र खाद्यान्न असुरक्षामा रहेका जनतालाई राहत उपलब्ध गराउन असफल भएको तथ्य सार्वजनिक गर्दै डा. पाण्डेले सरकारको खाद्यान्न असुरक्षाको जोखिममा रहेका जनतालाई राहत उपलब्ध गराउने निकायलाई सहयोग गर्न बन्द गर्नेतर्फ कदम चाल्नु गलत भएको बताएका हुन्।

भोकमरी र खाद्यान्न असुरक्षाको जोखिममा रहेका जनतालाई प्रत्यक्ष राहत उपलब्ध गराउनका लागि काम गर्ने डब्लूएफपीलाई बजेट अभाव भइरहेका बेला सरकारले ऋण लिएर थप सहयोग उपलब्ध नगराउने बताएको प्रसंगमा डा. पाण्डेले यस्तो जिकिर गरेका हुन्।

राजधानीमा साउथ एसियन वाच वन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती) र गरिबी तथा अन्यायका विरुद्ध काम गरिरहेको अन्तर्राष्ट्रिय संस्था अक्सफामले संयुक्त रूपमा आयोजना गरेको खाद्यान्न न्यायमाथिको क्षेत्रीय सम्मेलन चलिरहेका बेलामा सावतीका अध्यक्षसमेत रहेका डा. पाण्डेले सरकारलाई उसको निर्णय सच्याउन आग्रह गरेका छन्।

**नेपाललगायत दक्षिण एसियाली सरकारहरू भोकमरी र खाद्यान्न असुरक्षामा रहेका जनतालाई राहत उपलब्ध गराउन असफल भएको तथ्य सार्वजनिक गर्दै डा. पाण्डेले सरकारको खाद्यान्न असुरक्षाको जोखिममा रहेका जनतालाई राहत उपलब्ध गराउने निकायलाई सहयोग गर्न बन्द गर्नेतर्फ कदम चाल्नु गलत भएको बताएका हुन्।**

अक्सफामले नेपालमा खासगरी दुर्गम भेगका पिछडिएका, सीमान्तकृत, दलित र मधेसी समुदाय खाद्यान्न असुरक्षाको जोखिममा रहेको दाबी गरेको छ।

'क्षेत्रिय खाद्यान्न न्यायका लागि सुधारात्मक भविष्य' नामक अक्सफामको प्रतिवेदनले यस क्षेत्रको खाद्यान्न पद्धति पूर्णतः भत्केको अवस्थामा रहेको दाबी गरेको छ। "पूर्णतः भत्केको खाद्यान्न पद्धतिले यस क्षेत्रमा खाद्यान्न असुरक्षाको जोखिम बढाएको र यसलाई सम्बोधन गर्न सरकारहरू असफल भएका छन्," प्रतिवेदनमा उल्लेख छ।

डब्लूएफपीले नेपालमा १८ लाख खाद्यान्न असुरक्षाको जोखिममा रहेका जनतालाई राहत उपलब्ध गराउने लक्ष्य राखेकोमा बजेट अभाव भएपछि यसलाई झारेर ७ लाखमा पुऱ्याएको छ। डब्लूएफपीलाई बजेट अभाव हुँदा ११ लाख खाद्यान्न असुरक्षामा रहेका जनता राहतबाट वञ्चित भएका बेलामा डा. पाण्डेले त्यसतर्फ सचेत हुन सरकारलाई आग्रह गरेका छन्। डब्लूएफपीका अनुसार नेपालका ४९ जिल्लाका ३७ लाख जनसंख्या खाद्यान्न असुरक्षाको जोखिममा रहेका छन्।

डब्लूएफपीले आफूलाई आवश्यक बजेटको ५० प्रतिशतभन्दा बढी अभाव भएको बताएको छ।

सावती र अक्सफामले संयुक्त रूपमा आयोजना गरेको क्षेत्रिय सम्मेलन र प्रतिवेदन सार्वजनिकका सन्दर्भमा आयोजना गरेको पत्रकार सम्मेलनमा डा. पाण्डेलगायत अक्सफाम एसियाका क्षेत्रिय उप–निर्देशक चेरियन म्याथ्युले सरकारहरूको असफलता बढ्दो खाद्यान्न जोखिमको कारण भएकोमा जोड दिए। "सरकारले जनताको विश्वव्यापी खाद्य अधिकारलाई सुनिश्चित गर्न सक्नुपर्छ," उपनिर्देशक म्याथ्युले भने, "नेपालको हकमा पनि त्यो लागू हुनुपर्छ।"

नेपालमा खाद्यान्न असुरक्षाको जोखिम कम गर्दै निवारणको तहमा पुऱ्याउन कस्ता खालका कदम चाल्नुपर्छ र कस्तो नीतिगत व्यवस्थाको आवश्यकता हुन्छ भन्नेमा आफूहरूले अध्ययन गरिरहेको बताउँदै म्याथ्युले भने, "हामीले नेपालका लागि खास नीतिगत सुझावहरू अगाडि सार्नेछौं।" उनले सावतीसँगको सहकार्यमा यसका लागि काम भइरहेको समेत जानकारी दिए।

विश्वमा १ अर्ब जनसंख्या भोकमरीमा रहेको र यसको ८० प्रतिशत दुर्गम भेगमा बसोबास गर्ने तथ्य अक्सफामले अघि सारेको छ। "एसियाका भोकमरीमा रहेका कुल जनसंख्यामध्ये तीनचौथाइ दुर्गम भेगमा बस्छन्," प्रतिवेदनमा छ।

नेपालमा खासगरी पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका अधिकांश जिल्लाका बासिन्दा भोकमरीमा रहेका छन्।

डब्लूएफपीलाई बजेट अभाव भएपछि सन् २००६ देखी कर्णालीका बासन्दालाई खाद्यान्न वितरण गर्न प्रयोग गर्दै आएका हेलिकप्टर सेवासमेत बन्द भएका छन्। खाद्यान्न अभावको समस्यालाई भूमिको असमान वितरणले समेत प्रभाव पारेको अक्सफामको प्रतिवेदनले बताएको छ।